प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्रदेश कार्यालय

## प्रदेश नं. ३, हेटौडा, मकवानपुर

### शैक्षिक सत्र २०७६/०७७ मा प्रा.एस.एल.सी. तहको कार्यक्रम अनुसार छात्रवृत्ति र पुर्ण शुल्कीय तर्फको नतिजा प्रकाशन एवं मुख्य परीक्षार्थी (Main Candidate)मा छनौट भएकाहरुलाई अध्ययन गर्न सिफारिश भएका शिक्षण संस्थाहरुमा भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०७६/०५/०२

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७६।३।२५ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयको च. नं ८४६ मिति २०७६।०३।१६ गतेको पत्रबाट प्राप्त अख्तियारी बमोजिम शैक्षिक सत्र २०७६।०७७ को प्रा.एस.एल.सी. तहका विभिन्न शैक्षिक कार्यक्रमहरुमा छात्रवृत्ति र पुर्ण शुल्कीय कोटाहरुमा विद्यार्थी छनौटका लागि सम्बन्धित शिक्षण संस्थाहरुमा आवेदन फाराम भरी प्रदेश नं ३ अन्तर्गत विभिन्न परीक्षा केन्द्रहरुमा सञ्चालित प्रा.एस.एल.सि. तहका विभिन्न शैक्षिक कार्यक्रमहरुको मिति २०७६।४।२५ गते बिहान ८.०० बजे र दिउसो २.०० बजे देखि संचालित प्रवेश परिक्षामा उपस्थित भएका विद्यार्थीहरु मध्ये परिषद्बाट सम्बन्धन/स्वीकृति प्राप्त शिक्षण संस्थाहरुको कोटा र लक्षित बर्गका मुख्य विद्यार्थीहरुको नाम र शिक्षण संस्था सहित योग्यताक्रम अनुसार सिफारिश भइ नतिजा प्रकाशन उप समितिको मिति २०७६।०५।०२ गतेको निर्णयानुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय प्रदेश नं ३ को कार्यालय हेटौंडा, मकवानपुरवाट नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। नतिजाको विवरण परिषद्को वेवसाइट www.ctevt.org.np मा प्रकाशित गरिएको छ। साथै सम्बन्धित शिक्षण संस्थाहरुले सफल मुख्य उम्मेदबारहरुलाई मिति २०७६।३।२५ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाको बुंदा नं. ४,६ ( ख २ देखि १६) सम्म र बुंदा नं. ८ मा उल्लेख भए अनुसार गराउनु हुन समेत सूचित गरिन्छ।

सम्बन्धित शिक्षण संस्थाहरुले यसै सुचनालाई आधार मानी परिषद्को वेवसाइट www.ctevt.org.np मा प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिश भएका विद्यार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको शैक्षिक योग्यता तथा आवश्यक कागजातहरु भर्ना सम्बन्धि प्रावधान अनुरुप रुजु गर्ने जिम्मेवारी शिक्षण संस्थाको प्राचार्यको हुने हुंदा सोही अनुसार तोकिएको म्याद भित्र भर्ना गराउनु हुन यसै सुचनाद्धारा जानकारी गराईन्छ। उल्लेखित म्याद भित्र परीक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन गएमा बैकल्पिक सूचीमा रहेका विद्यार्थीहरुलाई सोही बमोजिम प्रक्रिया पुरा गरी भर्ना गराउनु हुन जानकारी गराइन्छ। प्रक्रिया र कागजात नपुगेको परीक्षार्थीको भर्ना स्वतः रद्ध हुनेछ।

**नोटः**

**१) सम्बन्धित संस्थाहरुले प्रवेश परीक्षा वापत परिषद् प्रदेश कार्यालयलाई बुझाउने शुल्क तिरेको रसिद संलग्न गरी प्रदेश कार्यालयवाट प्रवेश परीक्षाको नतिजा वुझिलिई विद्यार्थी रजिष्ट्रेशन गर्दा उक्त नतिजाको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।**

**२) यो सुचना CTEVT को website. www.ctevt.org.np मा पनि हेर्न सकिने छ।**

निर्देशक